कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ अंक: १८९ वि.सं. २०८३ कार्तिक १० मंगलवार नेपाल संवत्: ११४६ कार्तिक कृष्ण प्रतिपदा Tuesday 27 October 2026 yugaawhan@gmail.com पृष्ठ: ४+८ मूल्य: ५ ।-

बर्दियामा छोरीको जन्मदर घट्दो, छोरी बचाउन आर्थिक प्रोत्साहन

सरला सुवेदी
बर्दिया, ५ कार्तिक ।

छोरी र छोराबीच समानताको कुरा समाजमा उठिरहे पनि व्यवहारमा भने छोरीप्रतिको विभेद अझै हट्न सकेको छैन। पछिल्ला वर्षहरूको तथ्याङ्कले बर्दियामा छोराको तुलनामा छोरीको जन्मसङ्ख्या कम हुँदै गएको देखाएको छ। छोरीप्रतिको सामाजिक दृष्टिकोण, छोरा नै चाहिने परम्परागत सोच र गर्भमै लिङ्ग पहिचान गरी गर्भपतन गराउने प्रवृत्तिले छोरीको जन्मदर प्रभावित भएको हुन सक्ने स्थानीय तहहरूको बुझाई छ।

छोरीको जन्मलाई प्रोत्साहन गर्ने र उनीहरूको भविष्य सुरक्षित बनाउने उद्देश्यले बर्दियाका केही स्थानीय तहले आर्थिक सहयोगसहितका विशेष कार्यक्रम सञ्चालन गर्दै आएका छन्। तर छोरीको जन्मसंख्या र जन्मदर्ताको तथ्याङ्कमा देखिएको अन्तरले आर्थिक प्रोत्साहनसँगै सामाजिक सोच र व्यवहारमा परिवर्तन ल्याउनुपर्ने आवश्यकता पनि औंल्याएको छ।

स्वास्थ्य कार्यालय बर्दियाको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७६/७७ देखि गत आर्थिक वर्षसम्मको सात वर्षको अवधिमा जिल्लामा १६ हजार ४८५ जना छोरा जन्मिएका छन् भने छोरीको संख्या १४ हजार ९९९ मात्रै छ। यस अवधिमा छोरीको तुलनामा एक हजार ४८६ जना बढी छोरा जन्मिएका छन्।

स्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार सोही सात वर्षको अवधिमा स्वास्थ्य संस्थामा पहिलोपटक गर्भजाँच गराउनेको संख्या ५० हजार छ जना रहेको छ। यस अवधिमा नौ हजार ८४५ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। स्वास्थ्य कार्यालय बर्दियाका सूचना अधिकारी राजकुमार खड्काका अनुसार जिल्लामा छोरा र छोरीको जन्मसंख्यामा देखिएको अन्तरलाई गम्भीर रूपमा लिन आवश्यक छ।

जन्मदरसम्बन्धी तथ्याङ्कले छोरीको जन्मलाई प्रोत्साहन गर्ने र लैङ्गिक विभेद न्यूनीकरण गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्ने देखाएको छ। जन्मको तथ्याङ्कमा देखिएको लैङ्गिक अन्तर जन्मदर्तामा समेत प्रतिबिम्बित भएको छ।

आर्थिक वर्ष २०७६/७७ देखि २०८२/८३ सम्म बर्दियाका स्थानीय तहमा ३५ हजार ७५२ जना छोराको जन्मदर्ता भएको छ भने छोरीको जन्मदर्ता ३३ हजार ३५ रहेको छ।

▶ बाँकी ४ पेजमा

३२ औं वार्षिक साधारणसभा सम्बन्धि सूचना

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर ४, सुर्खेतको संचालक समितिको मिति २०८३ साल भाद्र २८ गते बसेको बैठकको निर्णय नम्बर ०२ बमोजिम संस्थाको ३२ औं चुनावी साधारणसभा आगामी मिति २०८३ साल कात्तिक १४ गते शनिबार, विहान ठिक १०:३० बजेदेखि संस्थाकै कार्यालय परिसरमा सभ्य, भव्य र विश्वसनिय रूपमा संचालन गर्ने निर्णय भएको हुदा सम्पुर्ण शेयर सदस्यज्यूहरूलाई अनिवार्य उपस्थितीका लागि सूचना मार्फत जानकारी गरिन्छ।

संस्थाले मिति २०८३ असोज ०६ गतेको लिखित पत्राचार मार्फत सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई वार्षिक साधारणसभामा उपस्थित हुन जानकारी गरीसकेको छ। यदि शेयर सदस्यज्यूहरूले जानकारी नपाउनुभएको भए यसै सुचनालाई आधार मानी उल्लेखित कार्यक्रममा सहभागीताका लागि अनुरोध छ। ३२ औं वार्षिक साधारणसभामा उपस्थितीका लागि शेयर सदस्यता खुल्ने प्रमाणपत्र (शेयर प्रमाण पत्र, पासबुक, साधारणसभा पत्र) ल्याउनु पर्नेछ।

स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

वीरेन्द्रनगर-४, कुमाईचोक सुर्खेत

सम्पर्क नम्बर : ०८३५२२३४६

दुई दशकदेखि अल्झिएको माथिल्लो कर्णाली अघि बढ्ने संकेत

ओम शाही
सुर्खेत, ५ कार्तिक ।

झन्डै दुई दशकअघि विकास गर्ने सम्झौता भएको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजना अझै निर्माणको सुनिश्चित चरणमा पुग्न सकेको छैन। लामो समयदेखि वित्तीय व्यवस्थापनको गोलचक्करमा अल्झिएको आयोजना अघि बढाउन लगानी बोर्डले तत्काल निर्माणमा सहजीकरण गर्ने निर्णय गरेको छ। २३ असोज २०८३ मा बोर्डका अध्यक्षसमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको बोर्डको ६८ औं बैठकले आयोजना विकास सम्झौता (पीडीए) का प्रावधानअनुसार निर्माण कार्य तत्काल अघि बढाउन आवश्यक सहजीकरण गर्ने निर्णय गरेको हो।



"२३ असोज २०८३ मा बोर्डका अध्यक्षसमेत रहेका प्रधानमन्त्री बालेन्द्र शाहको अध्यक्षतामा बसेको बोर्डको ६८ औं बैठकले आयोजना विकास सम्झौता (पीडीए) का प्रावधानअनुसार निर्माण कार्य तत्काल अघि बढाउन आवश्यक सहजीकरण गर्ने निर्णय गरेको हो ।"

सरकारको पछिल्लो निर्णयसँगै चर्चा बढी काम कम हुने आयोजनाले मुर्तरुप लिनेमा आशा पलाएको छ। भारतको गान्धी मल्लिकार्जुन राव (जीएमआर)ले विकास गर्ने यो आयोजनाको निर्माण अवधि पाँच वर्ष थियो। तर, जिएमआरले लगानी जुटाउन नसक्दा सम्झौता भएको १२ वर्षसम्म पनि निर्माण अझै अनिश्चित छ। सरकारले २०६४/०६५ मा जीएमआरसँग आयोजनाको सर्वेक्षण तथा विकासका लागि प्रारम्भिक समझदारी गरेको थियो। त्यसबेला तीन सय मेगावाट क्षमताको आयोजना विकास गर्ने प्रस्ताव थियो। पछि जीएमआरले क्षमता बढाउन निवेदन दिएपछि आयोजना नौ सय मेगावाटको बनाइएको थियो। लगानी बोर्ड र जीएमआरबीच ३ असोज २०७१ मा आयोजना विकास सम्झौता भएको थियो। सम्झौताअनुसार कम्पनीले दुई वर्षभित्र वित्तीय व्यवस्थापन गर्नुपर्ने थियो। तर, निर्धारित समयमा लगानी जुटाउन नसकेपछि सरकारले १ पुस २०७३ मा एक वर्ष म्याद थप्यो। त्यसपछि २०७४ असोजमा पुनः एक वर्ष म्याद थपिएको थियो। २०७५ सालपछि वित्तीय व्यवस्थापनका लागि थप म्याद दिइएको थिएन।

आयोजनाको वित्तीय व्यवस्थापन र समयसीमालाई लिएर कानुनी विवादसमेत भयो। ३१ असार २०७९ मा सरकारले गरेको म्याद थपसम्बन्धी निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट परेको थियो। २०८० वैशाखमा संवैधानिक इजलासले थप म्याद दिन नहुने निर्देशन दिएको थियो।

अदालतको अन्तरिम आदेशका कारण गुमेको एक सय ८६ दिनको समय भने उपलब्ध गराइएको थियो। त्यसपछि पनि आयोजना अघि बढाउने विषयमा अन्योल कायमै छ। ९ पुस २०८१ अधिवक्ता दानबहादुर बुढाले वित्तीय व्यवस्थापनको समयसीमा र सेयर संरचना परिवर्तनसम्बन्धी विषय उठाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए।

सर्वोच्च अदालतको संयुक्त इजलासले उक्त रिट खारेज गर्दै निर्देशनात्मक आदेश दिएको थियो। अदालतको पूर्णपाठपछि सेयर संरचना परिवर्तन पीडीएका प्रावधानसँग मेल खाने देखिएको भन्दै लगानी बोर्डले प्रक्रिया अघि बढाएको जनाएको छ।

आयोजनाको निर्माण रोकिँदै आउनुको प्रमुख कारणमध्ये वित्तीय व्यवस्थापनको ढिलाइ हो। जीएमआरले २ माघ २०८१ मा लगानी बोर्डमा वित्तीय व्यवस्थापनसम्बन्धी कागजात बुझाएको थियो। कम्पनीले आवश्यक लगानी जुटेको दाबीसहित कागजात पेस गरेको थियो।

कम्पनीका अनुसार भारतीय नवीकरणीय ऊर्जा विकास एजेन्सी (आईआरईडीए) ले ६५ अर्ब भारतीय रुपैयाँ ऋण उपलब्ध गराउने प्रस्तावमा सकारात्मक प्रतिक्रिया दिएको थियो। त्यस्तै, नेपाली बैंकहरूको समूहले २० अर्ब रुपैयाँ ऋणका लागि सैद्धान्तिक सहमति दिएको जनाइएको छ।

लगानी बोर्डले जीएमआरले पेस गरेको वित्तीय व्यवस्थापनसम्बन्धी प्रतिवेदन अध्ययन गर्न विज्ञ समिति गठन गरेको थियो।

समितिले २०८१ फागुन मसान्तभित्र वित्तीय व्यवस्थापन पूरा गर्न सकिने सिफारिस गरेको थियो। त्यसैको आधारमा बोर्डले आयोजना विकास सम्झौताअनुसार निर्माण अघि बढाउन सहजीकरण गर्ने निर्णय गरेको हो। प्रस्तावित वित्तीय व्यवस्थापन अनुसार सेयर संरचनामा पनि परिवर्तन गरिएको छ। यसअघि जीएमआरको ७३ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत हिस्सा थियो।

संशोधित संरचनाअनुसार जीएमआरको ३४ प्रतिशत, भारतीय सरकारी कम्पनी सतलज जलविद्युत् विकास निगमको ३४ प्रतिशत, आईआरईडीएको पाँच प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत हिस्सा रहने उल्लेख छ।

आयोजनाका प्रारम्भिक संरचना निर्माण गर्न २४ असार २०८२ मा जीएमआरले पहुँच सुरुङ, कर्णाली नदीमाथिको पुल र सडक निर्माणका लागि बोलपत्र आह्वान गरेको थियो।

पहुँच सुरुङ दुई हजार चार सय ३१ मिटर लामो निर्माण गर्ने प्रस्ताव जिएमआरको छ। यस्तै, बाँधस्थलनजिक एक सय ५० मिटर लामो आरसीसी तथा स्टिल पुल र आयोजनाको हेडवर्क्ससम्म पुग्न करिब सात किलोमिटर सडक निर्माण गर्ने योजना थियो। यी संरचना आयोजनाको मुख्य निर्माणका लागि आवश्यक पूर्वाधार हुन्।

आयोजनाबाट उत्पादित विद्युत् नेपालमा खपत गर्ने र भारत तथा बंगलादेशमा निर्यात गर्ने योजना छ। जसमा नेपालका लागि एक सय आठ मेगावाट, बंगलादेशका लागि पाँच सय मेगावाट र भारतका लागि दुई सय ९२ मेगावाट विद्युत् बिक्री गर्ने प्रस्तावमा उल्लेख छ।

आयोजना सञ्चालनमा आएमा नेपाल विद्युत् प्राधिकरणको २७ प्रतिशत सेयर, विद्युत् आपूर्ति, कर तथा रोयल्टी र स्थानीयस्तरमा रोजगारीबाट लाभ प्राप्त हुने अपेक्षा छ।



सम्पादकीय....

स्याउको बजारीकरणमा पूर्वाधारको चुनौती

जुम्लाको स्याउले बजार विस्तार गर्दै किसानको आम्दानी र कर्णालीको अर्थतन्त्रमा योगदान बढाइरहेको छ। चालु आर्थिक वर्षमा जिल्लामा १९ हजार पाँच सय मेट्रिकटन स्याउ उत्पादन हुने र ५५ करोड रुपैयाँ बराबरको कारोबार हुने अनुमान छ। हालसम्म सात हजार तीन सय ३० मेट्रिकटन स्याउ बाहिरी जिल्लामा निर्यात भइसकेको छ। यो जुम्लाको कृषि सम्भावना र व्यावसायिक उत्पादनतर्फको प्रगतिसँग जोडिएको महत्वपूर्ण उपलब्धि हो। तर, उत्पादन बढ्दैमा किसानले उचित मूल्य पाउने र स्याउ व्यवसाय दिगो बन्ने सुनिश्चित हुँदैन। जुम्लामा स्याउखेती गर्ने किसानको संख्या दुई वर्षअघिको तुलनामा २६.३१ प्रतिशतले बढेर १८ हजार तीन सय १५ पुगेको छ। खेतीको क्षेत्रफल पनि विस्तार भइरहेको छ। आठवटै स्थानीय तहका करिब १९ हजार घरधुरी स्याउखेतीमा निर्भर छन्। यसले स्याउ जुम्लाको प्रमुख आर्थिक आधार बनेको देखाउँछ। भारतबाट आउने स्याउको आयात बन्द हुँदा यस वर्ष जुम्ली स्याउले राम्रो बजार पाएको छ। तर, बाह्य बजारको अस्थायी अनुकूलतालाई स्थायी व्यावसायिक अवसरमा बदल्न उत्पादनसँगै बजार व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ।

जुम्लाको स्याउ क्षेत्रले सामना गरिरहेको मुख्य चुनौती उत्पादनपछिको व्यवस्थापन हो। जिल्लामा स्याउखेतीको क्षेत्रफल र किसानको संख्या बढे पनि सुरक्षित भण्डारण, ग्रेडिङ, प्रशोधन र प्याकेजिङको व्यवस्था पर्याप्त छैन। उत्पादनको मौसममा किसानले स्याउ बिक्री गर्नुपर्ने बाध्यता छ। बजारमा माग र मूल्य अनुकूल नहुँदा किसानले सस्तोमा बेच्नुपर्ने वा बिक्री नभएर क्षति बेहोर्नुपर्ने जोखिम रहन्छ। अहिले सञ्चालनमा रहेका एउटा ठूलो र ५१ वटा साना प्रिफ्याब चिस्यान केन्द्रको कुल क्षमता उत्पादनको तुलनामा अपर्याप्त छ। स्याउको गुणस्तरअनुसार वर्गीकरण गर्ने अभ्यास कमजोर हुँदा राम्रो उत्पादनले समेत उचित मूल्य पाउन सकेको छैन। सबैखाले स्याउ एउटै मूल्यमा बिक्री गर्दा गुणस्तरीय उत्पादन गर्ने किसान निरुत्साहित हुन सक्छन्। स्याउको आकार, रङ र गुणस्तरअनुसार छुट्याएर आकर्षक प्याकेजिङसहित बजारमा पुऱ्याउन सके जुम्ली स्याउले छुट्टै व्यावसायिक पहिचान बनाउन सक्छ। यसका लागि किसानलाई प्राविधिक ज्ञान, बजारको जानकारी र आवश्यक पूर्वाधार उपलब्ध गराउनु जरुरी छ।

अर्कोतर्फ, जलवायु परिवर्तनले स्याउखेतीमा थप जोखिम निम्त्याएको छ। अनियमित वर्षा, मौसमी चक्रमा परिवर्तन, तुसारो, असिना तथा रोग र किराको संक्रमणले उत्पादन र उत्पादकत्वमा असर पारिरहेको छ। खेती विस्तारसँगै बर्गैंचा व्यवस्थापन र जलवायु अनुकूलनका उपायलाई प्राथमिकता दिनुपर्छ। उन्नत जातका बिरुवा वितरण र कृषि औजारमा अनुदानसँगै रोग नियन्त्रण, नियमित प्राविधिक सेवा र किसानको क्षमता अभिवृद्धिमा लगानी आवश्यक छ। जुम्लाको स्याउलाई मौसमी उत्पादनमा सीमित राख्नु हुँदैन। पर्याप्त चिस्यान केन्द्र, प्रभावकारी ग्रेडिङ, प्रशोधन र ढुवानीको व्यवस्था मिलाउन सके किसानले उचित मूल्य पाउनेछन् भने उपभोक्ताले वर्षभरि जुम्ली स्याउ उपभोग गर्न पाउनेछन्। प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारले गरेका लगानीलाई उत्पादनदेखि बजारसम्म जोड्ने एकीकृत प्रणालीमा रूपान्तरण गर्नुपर्छ। आधा अर्ब रुपैयाँको कारोबारको सम्भावना बोकेको जुम्ली स्याउलाई दिगो आम्दानी र आर्थिक समृद्धिको आधार बनाउन अब उत्पादन वृद्धिसँगै भण्डारण, गुणस्तर र बजार व्यवस्थापनमा ध्यान दिन आवश्यक छ।

पाठ्यक्रम परिमार्जन: लोकप्रियताको भ्रामक बाटो नबनोस्



प्रेमनारायण भुसाल

> सैद्धान्तिक जग र गहन अध्ययनबिना उच्च शिक्षा र विश्वस्तरीय अनुसन्धानको ढोका सदाका लागि बन्द हुन्छ।

शिक्षा केवल अक्षर चिन्ने र परीक्षा उत्तीर्ण गर्ने यान्त्रिक प्रक्रिया होइन। यो कुनै पनि राष्ट्रको सभ्यता, चेतना र भविष्य निर्माणको सबैभन्दा शक्तिशाली हतियार हो। आज हाम्रा विद्यालयका कक्षाकोठाहरूमा शिक्षकले विद्यार्थीलाई कुन विषयवस्तु कसरी सिकाउँदै छन् भन्ने कुराले आजभन्दा बिस वा तिस वर्षपछिको नेपालको सामाजिक सद्भाव, आर्थिक समृद्धि र राजनीतिक दिशा निर्धारण गर्दछ। 'राष्ट्रिय पाठ्यक्रम प्रारूप'लाई विद्यालय शिक्षाको समग्र दर्शन, सिकाइको ढाँचा र ज्ञानको गहिराइलाई मार्गनिर्देशन गर्ने शैक्षिक दस्ताबेज मानिन्छ।

नेपाल सरकारले २०७६ सालमा ठुलो महत्त्वाकाङ्क्षासाथ 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप' लागु गरेको थियो। यसले नेपालको शैक्षिक इतिहासमा परम्परागत प्रणालीलाई भत्काएर एउटा युगान्तकारी रूपान्तरणको जग बसाल्ने जमर्को गरेको थियो।

बदलिँदो विश्वव्यापी परिवेश, सूचना प्रविधिको द्रुत विकास र विगत केही वर्षका हाम्रा आफ्नै व्यावहारिक सिकाइ र भोगाइहरूलाई आधार मानेर सरकार फेरि एकपटक यस प्रारूपलाई परिमार्जन गर्ने तयारीमा जुटेको छ। सातै प्रदेशबाट सरोकारवालाहरूका सल्लाह र सुझावहरू संकलन गरेर प्रशोधन भइरहेको वर्तमान बिन्दुमा सम्पूर्ण बौद्धिक वर्गको अगाडि एउटा गम्भीर प्रश्न खडा भएको छ- के यो परिमार्जन राष्ट्रको दीर्घकालीन आवश्यकता र प्राज्ञिक दूरदृष्टिमा आधारित छ, वा केवल विद्यार्थी र अभिभावकलाई खुसी पार्ने तात्कालिक र सस्तो लोकप्रियताको भ्रामक बाटोमा हिँड्न खोज्दै छ?

२०७६ को पाठ्यक्रम: उत्कृष्ट नीति र कार्यान्वयनको असफलता

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको समाजवाद उन्मुख राज्य व्यवस्था, देशको संघीय संरचना र एक्काइसौं शताब्दीका विद्यार्थीलाई आवश्यक पर्ने जीवनोपयोगी सिपलाई केन्द्रमा राखेर निर्माण गरिएको प्रारुपले नेपाली शिक्षा प्रणालीमा कैयौं ऐतिहासिक र सकारात्मक मानकहरू स्थापित गरेको थियो।

विशेषगरी वर्षभरि पढेर अन्तिम परीक्षामा कण्ठ गरेका कुराहरू कापीमा ओकल्ने 'घोकन्ते विद्या'लाई यसले कडा प्रहार गऱ्यो। त्यसका सट्टामा विद्यार्थीले के गर्न सक्छ भन्ने 'सक्षमतामा आधारित सिकाइ' लाई यसले मूल मन्त्र बनायो। मूल्यांकन प्रणालीमा गरिएको आमूल सुधार अर्को क्रान्तिकारी कदम थियो। कक्षा १ देखि ३ सम्म पूर्ण रूपमा (१०० प्रतिशत) निरन्तर आन्तरिक मूल्यांकन, कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत र माध्यमिक तह (कक्षा ९-१२) मा २५ प्रतिशत आन्तरिक मूल्यांकनको वैज्ञानिक व्यवस्था गरियो। संरचनागत रूपमा पनि शिक्षालाई आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) गरी दुई तहमा मात्र वर्गीकरण गरियो भने कक्षा ९-१२ मा रहेको पुरानो संकायगत (विज्ञान, व्यवस्थापन, मानविकी आदि) विभाजनलाई खारेज गरी 'एकल पथीय' प्रणाली लागु गरियो। स्थानीय आवश्यकता र मातृभाषालाई सम्मान गर्दै कक्षा ८ सम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्ने अधिकार स्थानीय तहलाई दिइयो।

यी सुधारहरू कागजमा जति सुन्दर, वैज्ञानिक र प्रगतिशील थिए, विद्यालयको वास्तविक धरातलमा कार्यान्वयन गर्न त्यति नै कठिन भए। यसको सबैभन्दा ज्वलन्त र दुःखद उदाहरण कक्षा १-३ मा लागु गरिएको 'एकीकृत पाठ्यक्रम' बन्न पुग्यो। साना बालबालिकाको मस्तिष्कले ज्ञानलाई छुट्टाछुट्टै विषय (गणित, विज्ञान, नेपाली) का रूपमा नभई एउटा समग्र प्याकेजका रूपमा ग्रहण गर्छ भन्ने उत्कृष्ट मनोवैज्ञानिक सिद्धान्तमा आधारित भए पनि नेपालमा यो पूर्ण रूपमा असफल भयो। किन? किनकि हाम्रा विश्वविद्यालयहरूले बिसौं शताब्दीको परम्परागत ढाँचामा विषयगत शिक्षक मात्र उत्पादन गरिरहेका थिए तर विद्यालयलाई एक्काइसौं शताब्दीको एकीकृत सिकाइ गराउने बहुआयामिक शिक्षक चाहिएको थियो। पूर्वतयारी शून्य थियो। कार्यरत शिक्षकहरूलाई न त पर्याप्त तालिम दिइयो, न त यसको मर्म बुझाइयो। यसबाट एउटा तितो सत्य के प्रमाणित भयो भने, नीति जतिसुकै विश्वस्तरीय किन नहोस्, त्यसलाई कक्षाकोठाका संवाहक 'शिक्षक'लाई सक्षम नबनाएसम्म नीतिहरू केवल 'कागजी घोडा' मात्र साबित हुँदा रहेछन्।

वर्तमान परिमार्जनका लहडहरू र लुकेका जोखिमहरू

अहिले प्रदेशहरूबाट आएका सुझावहरू र सरकारी अधिकारीहरूको मानसिकता हेर्दा पाठ्यक्रमलाई 'हल्का' बनाउने लहड चलेको प्रस्ट देखिन्छ। विद्यार्थीको पाठ्यभार घटाउने, सैद्धान्तिक ज्ञानलाई भन्दा व्यावहारिक र सिपमूलक कुरालाई मात्र जोड दिने, हप्ताको अन्तिम दिन शुक्रबारलाई 'बुक फ्री फ्राइडे' (किताबविहीन शुक्रबार) बनाउने जस्ता पपुलिस्ट अजेन्डाहरूले प्राथमिकता पाएका छन्।

यसै गरी आर्टिफिसियल इन्टेलिजेन्स, कम्प्युटर विज्ञान, जलवायु परिवर्तनजस्ता नवीन विषयहरू थप्ने कुराहरू पनि भइरहेका छन्। यी आफैंमा नराम्रा नभए पनि 'गरिखाने शिक्षा' को लोभलाग्दो नाराको आवरणमा पाठ्यक्रमको सैद्धान्तिक मेरुदण्डलाई नै भाँचिदिने जुन गम्भीर खेल भइरहेको छ, त्यसले राष्ट्रलाई अकल्पनीय दुर्घटनातर्फ लैजान सक्छ। यस सन्दर्भमा हामीले मुख्य तीनवटा गम्भीर जोखिमहरूको मिहिन विश्लेषण गर्नु जरुरी छः

देश 'अर्धदक्ष' जनशक्तिको मात्र कारखाना बन्ने खतरा

अहिले विद्यालय तहदेखि नै सबै विद्यार्थीलाई केवल प्राविधिक र सिपमूलक धारमा मात्र धकेल्ने र सैद्धान्तिक तथा दार्शनिक ज्ञानलाई उपेक्षा गर्ने भाष्य निर्माण गरिँदै छ। यसो गरियो भने देशले प्लम्बर, सिकर्मी, डकर्मी वा सामान्य इलेक्ट्रिसियन जस्ता 'अर्धदक्ष' वा 'प्राविधिक' कामदारहरू त प्रशस्तै उत्पादन गर्ला तर राष्ट्रलाई विश्व मञ्चमा उभ्याउन आवश्यक पर्ने उच्च तहका अनुसन्धानकर्ता, वैज्ञानिक, दार्शनिक, अर्थशास्त्री, कुशल चिकित्सक र नीतिनिर्माताहरूको खडेरी पर्नेछ।

सैद्धान्तिक जग र गहन अध्ययनबिना उच्च शिक्षा र विश्वस्तरीय अनुसन्धानको ढोका सदाका लागि बन्द हुन्छ। देशलाई सडक बनाउने लेबर मात्र होइन, त्यो सडकको डिजाइन गर्ने उच्च तहको इन्जिनियर पनि चाहिन्छ।

अमेरिकी शिक्षा मोडलको अन्धानुकरण र नेपाली यथार्थबिचको खाडल

धेरै नीतिनिर्माताहरूले अमेरिका वा युरोपको शिक्षा प्रणालीको उदाहरण दिँदै त्यहाँको जस्तै विद्यालय शिक्षालाई भाररहित, ऐच्छिक र लचिलो बनाउनुपर्ने तर्क गर्छन्। उनीहरूले के बुझ्केका छैनन् भने अमेरिकाले आफ्नो विद्यालय शिक्षालाई जतिसुकै खुकुलो बनाए पनि त्यहाँको उच्च प्रविधि, नासाजस्ता अन्तरिक्ष केन्द्र र विश्वस्तरीय विश्वविद्यालयहरू चलाउनका लागि आवश्यक पर्ने उत्कृष्ट दिमागहरू एसिया (नेपाल, भारत, चीन) र अफ्रिकाबाट किनेर लैजान्छ।

अमेरिकी अर्थतन्त्र विदेशी प्रतिभाको जगमा उभिएको छ तर नेपालको यथार्थ उल्टो छ। नेपालसँग विदेशबाट उच्च र दक्ष जनशक्ति आकर्षक तलब दिएर ल्याउने सामर्थ्य नै छैन। हामीले हाम्रो माटोलाई चाहिने सबै खाले उत्कृष्ट जनशक्ति चाहे त्यो सैद्धान्तिक होस् वा व्यावहारिक - आफ्नै देशभित्र, आफ्नै पाठ्यक्रम पढाएर, कठोर मिहिनेतका साथ उत्पादन गर्नुको कुनै विकल्प छैन।

अन्तर्राष्ट्रिय मान्यता र समकक्षतामा आउन सक्ने समस्या

नेपालको शैक्षिक प्रमाणपत्र र पाठ्यक्रमको स्तरलाई अन्तर्राष्ट्रिय बजारमा, विशेषगरी छिमेकी राष्ट्र भारतको 'नेसनल करिकुलम फ्रेमवर्कसँग दाँजेर हेर्ने गरिन्छ। विद्यार्थीलाई गाह्रो भयो वा पास गराउन सजिलो हुन्छ भन्ने बहानामा यदि हामीले गणित, विज्ञान वा अन्य मूल विषयहरूको पाठ्यभार र गहिराइलाई अत्यधिक छरितो र हलुका बनायौं भने हाम्रा विद्यार्थीहरू विश्व बजारमा शैक्षिक रूपले असक्षम र कमजोर देखिनेछन्। यसका कारण भविष्यमा हाम्रा विद्यार्थीहरूको प्रमाणपत्रले भारत लगायतका विदेशी विश्वविद्यालयहरूमा समकक्षता नै नपाउन सक्छ। यदि हाम्रा सर्टिफिकेटहरू अन्तर्राष्ट्रिय रूपमा अमान्य भए भने, गुणस्तरीय शिक्षा खोज्दै नेपाली विद्यार्थीहरू फेरि विगतमा जस्तै दार्जिलिङ, देहरादुन भौंतारिनुपर्ने बाध्यता दोहोरिनेछ।

भावी मार्गचित्र: समृद्धिको बाटो कसरी तय गर्ने?

पाठ्यक्रम परिमार्जनको संवेदनशील र ऐतिहासिक मोडमा सरकार, पाठ्यक्रम विकास केन्द्र र शिक्षाविद्हरूले निकै सुझबुझपूर्ण र विवेकशील कदम चाल्नुपर्छ। सबैभन्दा पहिलो सर्त भनेको सैद्धान्तिक ज्ञान र व्यावहारिक सिप बिचको सुदृढ र वैज्ञानिक सन्तुलन नै हो। आधारभूत सिद्धान्त र विज्ञानको गहिराइ नबुझी सिकिएको सतही सिप कहिल्यै दिगो र नवप्रवर्तनात्मक हुन सक्दैन।

डिजिटल युग र ग्याजेट (मोबाइल, ट्याब्लेट) को लतका कारण विश्वभर नै 'पठन संस्कृति' तीव्र रूपमा खस्कँदै गएको छ। विद्यार्थीहरूमा गहिरिएर अध्ययन गर्ने, लामो समय ध्यान केन्द्रित गर्ने र विश्लेषणात्मक तार्किक क्षमता राख्ने बानी हराउँदै छ। यस्तो बेलामा पाठ्यभार घटाउने नाममा किताबबाटै टाढा लैजाने नीतिहरूले विद्यार्थीको बौद्धिक क्षमतालाई झनै भुत्ते बनाइदिनेछ। नयाँ पाठ्यक्रम लागु गर्नुअघि त्यसलाई पढाउने शिक्षकहरूलाई सघन, व्यावहारिक र आधुनिक तालिम दिनु राज्यको पहिलो दायित्व हुनुपर्छ।

स्थानीय तहका आवश्यकता, मातृभाषाको सम्मान र मौलिक संस्कृतिको संरक्षण गर्दै, आर्टिफिसियल इन्टेलिजेन्स जस्ता विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने प्रविधिमैत्री सिकाइलाई समावेश गरी हाम्रो पाठ्यक्रमलाई 'स्थानीय जरा र विश्वव्यापी पखेटा' को सुन्दर संगम बनाउनुपर्छ।

पाठ्यक्रम परिमार्जन भनेको चुनाव जित्नका लागि राजनीतिक दलले बाँड्ने घोषणापत्र जस्तो सस्तो विषय होइन। यो न त विद्यार्थीलाई कम पढाएर खुसी पार्ने तात्कालिक सामाजिक सम्झौता हो न त अभिभावकको गुनासो थामथुम पार्ने मेलो नै। यो नितान्त रूपमा प्राज्ञिक, अत्यन्तै दूरदर्शी र सिङ्गो राष्ट्रको दीर्घकालीन सुरक्षा, अर्थतन्त्र र बौद्धिक विकाससँग जोडिएको गम्भीर मुद्दा हो।

आज हामीले पाठ्यक्रमको बहसमा गर्ने एउटा सानो नीतिगत विचलन वा खुकुलोपनको महँगो मूल्य भोलिका हाम्रा पुस्ताले आफ्नो बौद्धिक दरिद्रता र बेरोजगारीमार्फत चुकाउनुपर्नेछ।

तसर्थ सरकार र सम्बन्धित निकायहरूले क्षणिक र सस्तो लोकप्रियताको भ्रामक पर्दाबाट बाहिर निस्केर, अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डलाई कत्ति पनि नघटाई, राष्ट्रिय आवश्यकतालाई केन्द्रमा राखेर दूरदर्शी निर्णय लिनु आजको सबैभन्दा टड्कारो आवश्यकता हो।

विश्व

चीनमा सीको नेतृत्व र पार्टी अनुशासनबारे महत्त्वपूर्ण बैठक

बेइजिङ, ५ कात्तिक (रासस/एएफपी)।

चिनियाँ राष्ट्रपति सी जिनपिङले पार्टीभित्र अनुशासन कडा बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र कार्यकर्ताको कार्यक्षमता तथा वफादारी बढाउने विषयमा छलफल गर्न सोमबार बेइजिङमा चिनियाँ कम्युनिष्ट पार्टीको महत्त्वपूर्ण बैठक सुरु गरेका छन्। आगामी वर्ष हुने पार्टी महाधिवेशन र नेतृत्वको सम्भावित फेरबदलअघि सुरु भएको बैठकलाई चीनको भावी राजनीतिक दिशा बुझ्ने महत्त्वपूर्ण अवसरका रूपमा हेरिएको छ।

पाँचौं पूर्ण अधिवेशन भनिने बैठकमा सत्तारूढ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिका करिब ३०० सदस्य सहभागी छन्। सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रपति सीले बैठकमा पार्टीको अनुशासन र स्वशासन सुदृढ गर्ने रणनीतिक योजनासहितको मस्यौदा निर्णय प्रस्तुत गरेका छन्। बन्द कोठामा कडा सुरक्षाबीच भइरहेको बैठकका विस्तृत निर्णय बिहीबार बैठक सकिएपछि सार्वजनिक हुने अपेक्षा गरिएको छ। आगामी वर्ष हुने पार्टी महाधिवेशनमा ७३ वर्षीय सीले ऐतिहासिक चौथो कार्यकाल सुनिश्चित गर्ने र नेतृत्वमा फेरबदल गर्ने सम्भावना रहेकाले बैठकलाई विशेष महत्वका साथ हेरिएको छ। सीले १४ वर्षदेखि भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्दै आएका छन्। यस क्रममा केन्द्रीय समितिका सदस्यसहित हजारौं अधिकारी कारबाहीमा परेका छन्। तर, आफ्ना निर्देशन कार्यान्वयन नगर्ने तथा पार्टीप्रति पूर्ण वफादार नहुने अधिकारीप्रति उनी असन्तुष्ट रहेको सरकारी सञ्चार माध्यममा प्रकाशित सामग्रीले देखाएको छ।

अमेरिका-क्यानाडा व्यापार विवाद चाँडै सुल्झिने ट्रम्पको दाबी

वाशिङ्टन, ५ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका र क्यानाडाबीच व्यापार सम्झौता चाँडै हुने दाबी गरेका छन्। अमेरिकी मध्यावधि निर्वाचन हुन नौ दिन बाँकी रहँदा आइतबार मिशिगनको पोर्ट ह्युरोनमा आयोजित चुनावी सभामा उनले यस्तो बताए। गत अगस्टमा व्यापार वार्ता असफल भएपछि दुई देशबीच तनाव बढेको छ। त्यसपछि ट्रम्पले क्यानाडाबाट आयात हुने विभिन्न वस्तुमा थप कर लगाएका थिए। ट्रम्पले सभामा भने, "हामी यो समस्या चाँडै समाधान गर्नेछौं।

अहिले उनीहरू हामीलाई जे पनि दिन तयार छन्।" उनले क्यानाडामाथी कर लगाउने निर्णयको बचाउ गर्दै क्यानाडाले वर्षौंदेखि अमेरिकाबाट अनुचित फाइदा उठाएको आरोप लगाए। अगस्टमा वार्ता असफल भएपछि लगाइएको करले हक्कीका सामग्रीदेखि सिमेन्टसम्मका करिब २० अर्ब अमेरिकी डलर मूल्यका सामान प्रभावित भएका छन्। त्यसको जवाफमा क्यानाडाले पनि अमेरिकी उत्पादनमा समान मूल्यका सामानलाई लक्षित गरी कर लगाएको थियो। त्यसपछि ट्रम्पले केही वस्तुमा ५० प्रतिशतसम्म कर लगाएर प्रतिकार गरेका थिए।

व्यापार विवादबाट प्रभावित सीमावर्ती राज्य मेनकी सिनेटर सुसान कोलिन्सको आग्रहपछि ह्वाइट हाउसले शुक्रबार तीमध्ये केही वस्तुमाथिको कर हटाएको थियो।

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स	
एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्युत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अपस्ताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष
कार्यक्षेत्रमा सहकर्मीबाट सामान्यतया राम्रो साथ पाइनेछ। नयाँ सम्झौता वा साझेदारीका लागि दिन अनुकूल रहेको छ।

वृष
व्यापार व्यवसायमा आज सोचेभन्दा राम्रो बिक्री हुनेछ। लामो समयपछि पुराना साथीसँग भेटघाट वा फोनमा कुरा हुनेछ।

मिथुन
आर्थिक कारोबार गर्दा हिसाबकिताब स्पष्ट राख्नुहोला। घरको सानोतिनो मर्मत वा सजावटमा समय खर्च हुनेछ।

कर्कट
आत्मीय व्यक्तिबाट विशेष स्नेह र ढाडस प्राप्त हुनेछ। कार्यस्थलमा नयाँ जिम्मेवारी वा पदभार सम्हाल्नुपर्ने हुन सक्छ। छोटा दूरीको रमाइलो यात्रा गर्ने योग बनेको छ।

सिंह
आफ्नो नेतृत्व क्षमताका कारण टोलीलाई सही दिशा दिन सकिनेछ। समाजसेवा वा परोपकारी काममा मन जानेछ।

कन्या
सहकर्मीहरूको सहयोगले कठिन कामहरू पनि सहज बन्नेछन्। विरोधी वा गुप्त शत्रुहरू आफैं परास्त भएर जानेछन्।

तुला
एकअर्काप्रतिको समझदारी र मधुरता बढ्नेछ। दीर्घकालीन फाइदा हुने क्षेत्रमा लगानीको योजना बन्नेछ।

वृश्चिक
आफ्ना योजनाहरू गोप्य राखेर काम गर्दा सफलता मिल्नेछ। गुरु वा मान्यजनको सल्लाहले सही निर्णय लिन मद्दत गर्नेछ।

धनु
धार्मिक तथा आध्यात्मिक चिंतनमा समय बिताउँदा शान्ति मिल्नेछ। खेलकुद वा शारीरिक सक्रियतामा रुचि बढ्नेछ।

मकर
अड्किएको वा रोकिएको धन फिर्ता आउने शुभ संकेत छ। व्यावसायिक छलफल र नयाँ सम्झौताका लागि दिन अनुकूल छ।

कुम्भ
वैदेशिक वा टाढाको कामबाट शुभ समाचार सुन्न पाइनेछ। घरको सरसफाइ र व्यवस्थापनमा केही समय बिताउनेछ।

मीन
एकान्त वा ध्यानबाट मनमा अद्भूत शान्ति प्राप्त हुनेछ। विद्यार्थीहरूले पठनपाठनमा उत्कृष्ट नतिजा हासिल गर्नेछन्।

ग्यास बिक्री गर्दा अनिवार्य रुपमा भ्याट बिल जारी गर्न निर्देशन

युग संवाददाता
काठमाडौँ, ५ कार्तिक ।

अब उद्योगहरूले खाना पकाउने ग्यास बिक्री वितरण गर्दा अनिवार्य रुपमा भ्याट बिल जारी गर्नु पर्ने छ। नेपाल आयल निगमले सबै ग्यास उद्योगहरूलाई भ्याट बिल अनिवार्य रुपमा जारी गर्न निर्देशन दिएको हो।

केही ग्याँस उद्योगहरुले ग्राहक र डिलरहरुलाई बिल जारी नगरेको गुनासो आएपछि निगमले यस्तो निर्देशन गरेको हो। निगमले सोमबार सबै एलपीजी ग्यास उद्योगीलाई पत्र पठाउँदै यस्तो निर्देशन दिएको जनाएको छ।

कोदो खेती घट्दो, पिठोको माग उच्च

युग संवाददाता
जुम्ला, ५ कात्तिक ।

पछिल्लो समयमा जिल्लामा कोदो खेती गर्नेको सङ्ख्या घट्ने क्रममा रहेको छ। बजारमा कोदोको पिठो उच्च माग बढे पनि खेती गर्नेको सङ्ख्या बिस्तारै घट्दै जाने क्रममा रहेको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिए।

कोदोको उत्पादन वृद्धि, खेती विस्तार तथा उपभोगलाई बढाउने लक्ष्यसहित यहाँका स्थानीय तहको ध्यान जान सकेको छैन। लोपोन्मुख बनेको कोदो खेतीलाई प्रवर्द्धन गर्न सम्बन्धित निकायको कुनै चासो नगएको तिला-१ राराका अगुवा किसान नर रावतको भनाई छ।

यहाँका गाउँघरमा कोदो खेतीतर्फ किसानको आकर्षण बढेको छैन। तरकारी र नगदे बालीमा किसानले महत्व दिएर खेती गरिरहेका छन्। विशेषगरी यहाँको तिला, हिमा, सिंजा, पातार ासी र तातोपानी गाउँपालिकामा कोदो खेती उत्पादन बढी हुने गरेको छ। पछिल्लो समयमा खेती गर्नेको सङ्ख्या घट्दै गएको तिला गाउँपालिका-५ का वडाध्यक्ष ललित शाहीले बताए।

हाल कोदोको पिठो प्रतिकेजी २०० ले बिक्री हुने गरेको छ। विशेषगरी आन्तरिक पर्यटनको रोजाइमा पर्न गएको छ। बजारमा अत्यधिक माग हुने गरेको स्थानीय व्यापारी अर्जुन बुढाको भनाई छ। जिल्लामा उत्पादित रैथानेबाली पछिल्ला वर्षमा लोप हुँदै गएकोप्रति यहाँका किसानले चिन्ता व्यक्त गरेका छन्। खेतीयोग्य जमिनमा रैथाने बाली हराउन थालेको छ। अहिले कृषि पेसामा युवा जनशक्तिको आकर्षण छैन। खेतीयोग्य जमिनमा अहिले खेती गर्न छाडेर बाँझो बनाउन थालिएको छ।

परम्परागत रूपमा खेती गर्ने पाका पुस्ताले मात्र रैथानबाली लगाउँदै आएका छन्। पुराना अन्नबाली उत्पादनमा युवाको चासो नै छैन। दशक अघिसम्म ग्रामीण क्षेत्रका उच्च भागमा कोदोको खेती व्यापक हुन्थ्यो तर अहिले तिनको उत्पादनमा कमी भए पनि बजारमा माग भने बढेको यहाँका स्थानीय व्यापारी बताउँछन्।कृषि विकास कार्यालयको तथ्याङ्कअनुसार जिल्लामा गत आर्थिक वर्षमा तीन हजार ८५० मेट्रिकटन कोदो उत्पादन भएको छ।

मानव–वन्यजन्तु द्वन्द्वः वन संरक्षणसँगै सहअस्तित्वको चुनौती

युग संवाददाता
धनगढी, ५ कार्तिक ।

गत असोज १६ गते कैलालीको गौरीगङ्गा नगरपालिका-६ स्थित भैरव महिला सामुदायिक वनमा बाघको आक्रमणबाट एक जनाको ज्यान गयो। जङ्गलमा एक्लै च्याउ टिप्न गएका स्थानीय कृष्ण चौधरीको घटनास्थलमै मृत्यु भयो।

घटनाको भोलिपल्ट सामुदायिक वन उपभोक्ता राष्ट्रिय महासङ्घ, नेपाल -एन–फेकोफन) का महासचिव डण्डीराज सुवेदीले सार्वजनिक अपिल गर्दै भनेका थिए, "बाघ अझै पनि मानव बस्ती नजिकैका जङ्गलवरिपरि घुमिरहेको छ भन्ने जानकारी प्राप्त भइरहेको छ। यसलाई छिटो नियन्त्रणमा लिनुपर्‍यो, अन्यथा थप मानवीय क्षति हुन सक्छ।"

त्यसपछिका केही दिनसम्म बाघ वन क्षेत्रमै रहेको चर्चा भए पनि विस्तारै अवस्था सामान्य बन्दै गयो। "यसपटक मात्रै होइन, त्यस क्षेत्रमा बेलाबखत बाघ देखिने गरेको छ। त्यसक्रममा कहिले मानिस त कहिले पशुपन्छी निसानामा पर्ने गरेका छन्। अब थप क्षति हुन नदिन प्रभावकारी उपायबारे सोच्न जरुरी छ", महासचिव सुवेदीले भने।

कैलालीमा मात्रै होइन, कञ्चनपुरलगायत क्षेत्रमा पनि मानव-वन्यजन्तु द्वन्द्वका घटना पटकपटक दोहोरिने गरेका छन्। विजयादशमीको समयमा पनि कञ्चनपुरको बेल्डाँडी गाउँपाकिा–५ इमिलिया क्षत्रमा पाटेबाघ बस्ती नजिकै देखिएपछि त्रास फैलियो। "त्यस क्षेत्रमा विगत चार/पाँच दिनदेखि पाटेबाघ देखिएपछि त्रास फैलिएको छ। हामीले बस्तीमा सतर्कता अपनाउन आग्रह गर्दै दुई वटा हात्ति परिचालन गरेर निगरानी बढाइरहेका छौं", शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका रेन्जर विक्रम चौधरीले भने।

प्रकृति संरक्षण कोष, शुक्लाफाँटा संरक्षण कार्यक्रमका अनुसार कञ्चनपुरमा मात्रै सन् २०१६ देखि २०२४ सम्म मानव-वन्यजन्तु द्वन्द्वका दुई हजार ९०३ घटना अभिलेख भएका छन्। सन् २०२४ मा मात्रै ५१३ घटना भएका थिए। उक्त अवधिमा मानव-ठूला मांसाहारी वन्यजन्तु द्वन्द्वका कारण १५ जनाको मृत्यु, ४६ जना घाइते र एक जना गम्भीर घाइते भएको जनाइएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार सुदूरपश्चिममा पछिल्लो पाँच वर्षमा मानव-वन्यजन्तु द्वन्द्वका १५१ घटना दर्ता भएका छन्। ती घटनामा मानवीय क्षति बेहोर्ने १६ जनामध्ये सात जना घाइते, आठ जना गम्भीर घाइते र एक जनाको मृत्यु भएको छ। यस अवधिमा ३०८ पशुधनमा क्षति पुगेको छ। तीमध्ये २७१ को मृत्यु भयो भने ३७ जना घाइते भए। वन्यजन्तुका कारण ६१५ परिवार प्रभावित भएको तथ्याङ्क छ। द्वन्द्वका क्रममा वन्यजन्तुतर्फ पनि क्षति भएको छ। यस अवधिमा १० वटा वन्यजन्तुको मृत्यु भएको, ३१ वटाको उद्धार गरिएको र सात वटालाई उपचारपछि प्राकृतिक बासस्थानमा छाडिएको जनाइएको छ।

मन्त्रालयका अनुसार वन्यजन्तुका कारण क्षति बेहोरेका १५१ परिवारमध्ये १३२ परिवारको क्षति मूल्याङ्कन गरिएको छ। मूल्याङ्कन गरिएका परिवारलाई रु ४२ लाख ५३ हजार ४९० राहत वितरण गर्नुपर्नेमा हालसम्म रु १७ लाख ९२ हजार ९७७ मात्र वितरण गरिएको छ। अझै रु २४ लाख ६० हजार ५१३ राहत वितरण गर्न बाँकी छ भने १९ परिवारको क्षति मूल्याङ्कन हुन सकेको छैन।

एकातिर संरक्षणका प्रयासले बाघजस्ता वन्यजन्तुको सङ्ख्या बढ्दै गएको छ भने अर्कोतिर उनीहरूको बासस्थान खल्बलिँदा मानव-वन्यजन्तु द्वन्द्वको जोखिम बढिरहेको छ। प्रकृति संरक्षण कोष, शुक्लाफाँटा संरक्षण कार्यक्रम प्रमुख लक्ष्मीराज जोशीका अनुसार सन् २००९ मा यस क्षेत्रमा बाघको संख्या आठ रहेकामा सन् २०२६ मा ५० पुगेको छ। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज आसपास वर्षभरि २५ देखि ३० वटा हात्ती रहने र मौसमी रूपमा १०० भन्दा बढी हात्ती आउने गरेको उनले बताए।

वन्यजन्तुको सङ्ख्या वृद्धि हुनु मात्रै द्वन्द्वको कारण होइन। बासस्थानमा आएको ह्रास, वन्यजन्तुको आवागमन मार्ग खण्डित हुनु, बस्ती विस्तार, पूर्वाधार निर्माण र मानवीय क्रियाकलापले पनि समस्या बढाइरहेको संरक्षणकर्मीहरूको भनाइ छ। जलवायु परिवर्तनका असरले समेत वन्यजन्तुको बासस्थान र आहारमा प्रभाव पार्दा समस्या थप बढिरहेको उनीहरुको बुझाइ छ।

"मानव-वन्यजन्तु द्वन्द्व किन र कसरी भइरहेको छ भन्नेबारे पर्याप्त छलफल भइसकेको छ। वन्यजन्तुको बासस्थानमाथि निरन्तर अतिक्रमण, छेडखानी र आवागमन मार्ग खण्डित गर्ने काम भइरहेका छन्। परम्परागत करिडोर मासिँदै गएका छन्", वरिष्ठ संरक्षण अधिकृत जोशीले भने, "पछिल्लो समय चितुवा रहने कतिपय ठाउँमा पर्याप्त आहारा छैन। चुरे क्षेत्र यसको एउटा उदाहरण हो। त्यसैले जहाँ सजिलै खानेकुरा पाइन्छ, वन्यजन्तु त्यतै जाने अवस्था बन्दैछ। जङ्गल छोडेर बाहिर निस्किएपछि उनीहरूको मानिस र बस्तीसँग जम्काभेट हुने गरेको छ।"

पछिल्लो समय सुदूरपश्चिममा वन क्षेत्र बढ्दै गएको छ। प्रदेशको कुल क्षेत्रफलको ५३.५६ प्रतिशत अर्थात् १० लाख ४६ हजार ५८२ हेक्टर भूभाग वनले ओगटेको छ। सामुदायिक वन संरक्षणका प्रयास पनि प्रभावकारी बन्दै गएका छन्, तर वनलाई काठ उत्पादन र वन पैदावारको उपयोगमा मात्र सीमित गरेर हेर्दा वन्यजन्तुको बासस्थान र स्थानीय समुदायको सुरक्षाबीच सन्तुलन कायम गर्न कठिन भइरहेको जानकारहरू बताउँछन्। मानिस जङ्गलमा प्रवेश गर्दा वन्यजन्तु कहाँ जाने भन्ने प्रश्न पनि उठिरहेको छ।

"जङ्गलमा बाघ, चितुवा वा कुनै वन्यजन्तु भेटियो भने आतङ्क फैलिन्छ, हङ्गामा हुन्छ, तर बाघ वा अन्य वन्यजन्तु जङ्गलमा नभएर कहाँ हुनुपर्ने हो त ?", वरिष्ठ संरक्षण अधिकृत जोशी प्रश्न गर्छन, "जङ्गललाई काठ उत्पादन गर्ने कारखाना र उपभोक्ताको अधिकारका कोणबाट मात्रै नहेरौं। यसलाई वन्यजन्तुमैत्री जीविकोपार्जन तथा आर्थिक र सामाजिक क्रियाकलापसँग जोडेर हेरौं।"

जनावरले मानिसलाई मात्रै होइन, प्रतिशोध स्वरुप मानिसले पनि जनावरमाथि नोक्सानी पुऱ्याइरहेका छन्।

त्यसको उदाहरण हुनु, सन् २०११ यता बैतडीमा भएका घटना। यस अवधिमा त्यहाँ चितुवाको आक्रमणबाट २९ जनाको मृत्यु भएको छ। सोही अवधिमा मानिसका कारण २६ वटा चितुवा मरेका छन्।

पासो थापेर वन्यजन्तु मार्ने प्रवृत्तिले पनि समस्या बढाइरहेको संरक्षण अधिकृत जोशी बताउँछन्। उनका अनुसार सन् २०२० पछि सुदूरपश्चिममा यस्तै समस्यामा परेका ४५ वटा चितुवाको उद्धार गर्ने प्रयास गरिएकामा आधालाई मात्रै बचाउन सकिएको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सूचना अधिकारी भोजराज पाठकका अनुसार पछिल्लो पाँच वर्षमा वन्यजन्तुसम्बन्धी अपराधका घटना घटे पनि मानव-वन्यजन्तु द्वन्द्व भने चुनौतीका रूपमा देखिएको छ।

त्यसैले अबका संरक्षण प्रयास द्वन्द्व न्यूनीकरणमा केन्द्रित हुनुपर्ने उनको भनाई छ।

"द्वन्द्व एउटै कारणले हुने होइन। बासस्थान, जीविकोपार्जन, पूर्वाधार, प्रतिशोध र अव्यवस्थित बसोबासलगायत विषय यसमा जोडिन्छन्। त्यसैले अब वन्यजन्तु करिडोरको संरक्षण, बासस्थान सुरक्षा, मानव बस्तीमा पूर्वसूचना प्रणाली, वैकल्पिक जीविकोपार्जन र समुदायको व्यवहार परिवर्तनमा केन्द्रित हुनुपर्ने आवश्यकता छ", पाठकले भने।

विशेषगरी सडक, नहर तथा बस्ती विस्तारका कारण वन्यजन्तुको आवागमन मार्ग अवरुद्ध हुँदा द्वन्द्वको जोखिम बढिरहेको संरक्षणकर्मीहरू बताउँछन्। जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रणाली स्थापना, वन्यजन्तुमैत्री संरचना निर्माण, सुरक्षित करिडोरको व्यवस्थापन, वैकल्पिक जीविकोपार्जन, पशुधन बिमा तथा छिटो उद्धार र राहतको व्यवस्था गर्नुपर्ने उनीहरूको सुझाव छ।

सुदूरपश्चिम वन निर्देशनालयका प्रमुख वन निर्देशक हेमराज विष्ट शुक्लाफाँटा-लालझाडी-मोहना क्षेत्रसहित यहाँका मानव-वन्यजन्तु द्वन्द्व प्रभावित तथा सम्भावित जोखिमयुक्त क्षेत्रमा विशेष प्राथमिकताका साथ काम गर्नुपर्ने बताउँछन्।

प्रदेशस्तरीय वन्यजन्तु अपराध तथा मानव-वन्यजन्तु द्वन्द्वसम्बन्धी 'ड्यासबोर्ड' निर्माण, जोखिम नक्साङ्कन, संयुक्त सूचना संयन्त्र, सीमा क्षेत्रका निकायबीच समन्वय, शीघ्र उद्धार प्रणाली, जोखिमयुक्त समुदायका लागि वैकल्पिक आयआर्जन र सहअस्तित्वमा आधारित संरक्षण कार्यक्रम अघि बढाउन आवश्यक रहेको उनको भनाइ छ।

"वन बढ्दै जाने तर मानव-वन्यजन्तु द्वन्द्वका कारण सहअस्तित्व नै सङ्कटमा पर्ने अवस्था विरोधाभासपूर्ण छ। वन क्षेत्रको ठूलो हिस्सा समुदायमा आधारित व्यवस्थापनमा रहेकाले वन, वन्यजन्तु र स्थानीय समुदायबीचको सम्बन्धलाई संरक्षणको मुख्य आधार बनाउनुपर्छ", वन निर्देशक विष्टले भने।

सुदूरपश्चिममा वन क्षेत्र विस्तार र वन्यजन्तु संरक्षणका प्रयास भइरहे पनि मानिस र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण चुनौतीपूर्ण बनिरहेको छ।

संरक्षण अभियन्ता कौशिला विक वन क्षेत्र बढ्नु मात्र संरक्षणको सफलता नभएको भन्दै वन्यजन्तुको बासस्थान सुरक्षित राख्दै स्थानीय समुदायको जीवन, जीविकोपार्जन र सुरक्षाको प्रत्याभूति पनि उत्तिकै आवश्यक रहेको बताउँछन्।

"यसकारण पनि अब संरक्षणका कार्यक्रमलाई वन क्षेत्र विस्तारमा मात्र सीमित नराखी मानव-वन्यजन्तु सहअस्तित्व कायम गर्ने दिशामा केन्द्रित गर्नुपर्ने देखिन्छ", उनी भन्छन।

सेयर बजारमा आकर्षण, डिम्याट खाता ८२ लाख

युग संवाददाता
काठमाडौँ, ५ कात्तिक ।



राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप लगायत कारणले मुलुकको आर्थिक अवस्था खुम्चिएका बेला सेयर बजारमा भने लगानीकर्ताको आकर्षण बढेको छ।

पछिल्लो समय देशका विभिन्न ठाउँमा बाढीपहिरोले सडक अवरुद्ध हुनु, उद्योगबाट उत्पादित सामान समयमा ढुवानी गर्न नसक्नु, चर्को मूल्यवृद्धिले कच्चा पदार्थ र इन्धन आयातमा लागत बढ्नु, व्यावसायिक कृषि खेती तथा पशुचौपाया व्यापारमा कठिनाइ, हाइड्रोपावर निर्माण तथा अन्य क्षेत्रमा गरिएको लगानीमा जोखिम बढेका कारण सेयरबजारमा लगानी गर्नेको संख्या उल्लेख्य रूपमा वृद्धि भएको देखिएको छ। उद्योग-व्यापारमा लगानीको वातावरण पनि छैन। अन्य क्षेत्रमा गरिएको लगानीभन्दा तुलनात्मक रूपमा सेयरबजारमा हुने लगानी केही सुरक्षित हुने देखेर यसतर्फ आकर्षित हुने संख्या बढेको हो। यसैकारण डि-म्याट (हितग्राही) खाता खोल्नेको संख्या बढेर ८० लाख ९८ हजार पुगेको छ। सिडिएस एन्ड क्लियरिङ लिमिटेड (सिडिएससी) ले यस्तो जानकारी गराएको हो।

सेयर बजारमा प्रवेश गर्न वा संगठित संस्थाको सेयर खरिदबिक्रीमा सहभागी हुन अभौतिकीकरण अर्थात् डि-म्याट खाता अनिवार्य हुन्छ। नेपालमा सेयर तथा अन्य धितोपत्रको केन्द्रीय निक्षेप, राफसाफ (क्लियरिङ) र फछ्र्योट (सेटलमेन्ट) सेवा प्रदान गर्ने एक मात्र संस्था सिडिएससी हो।

नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) को स्वामित्वमा २०६७ सालमा सिडिएससी स्थापना भएको हो। सेयरबजारमा लगानी गर्नेले डि-म्याट खातासँगै अनलाइनमार्फत प्राथमिक सेयर (आइपिओ) भर्न र सेयर कारोबारमा आवश्यक 'मेरो सेयर' प्रयोगकर्ताको संख्या पनि उल्लेख्य रूपमा बढेको छ।

सिडिएससीका अनुसार हालसम्म ७१ लाख ८८ हजार ९९८ जनाले 'मेरो सेयर'मा खाता दर्ता गराएका छन्। जसमा बजारमा सक्रिय रहने (एक्टिभ) मेरो सेयर प्रयोगकर्ताको संख्या भने ५१ लाख २३ हजार छ। यो आइपिओ र दोस्रो बजारबाट सेयर कारोबार गर्ने 'टिएमएस' खाता सञ्चालन गर्नेहरूको संख्या हो।

मेरो सेयरबाट साधारण सेयर (आइपिओ) भर्न सकिन्छ। यसबाट दोस्रो बजारमा बिक्री गरिएको सेयर ट्रान्सफर गरिन्छ। मेरो सेयर खाता नहुनेले आइपिओ भर्न बैंक धाउनुपर्छ। यस्तै डि-म्याट खाता नभएकाले प्राथमिक सेयर भर्न र दोस्रो बजारमा सेयर किनबेच गर्न पनि पाउँदैनन्। हाल नेपालको धितोपत्र बजारमा सूचीकृत कुल सेयरहरूमध्ये अधिकांश पूर्ण रूपमा अभौतिकीकरण (डि-म्याट) भइसकेका छन्। नेपाल स्टक एक्सचेन्ज लिमिटेडको तथ्यांकअनुसार सेयरबजारमा अहिलेसम्म तीन सय ४८ वटा कम्पनी छन्। यी कम्पनीमा कुल लगानी ४५ खर्ब ३४ अर्ब ३५ करोड १६ लाख ८८ हजार ६४० रुपैयाँ छ। पछिल्लो समय सेयर बजारमा महिला सहभागिता पनि क्रमशः बढ्दै गएको देखिन्छ। कुल डि-म्याट खाता खोल्नेमध्ये ४२.६७ प्रतिशत हिस्सा महिलाको छ। नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. गोपालप्रसाद भट्टले गत असोजमा संघीय संसद्को अर्थ समितिको 'पुँजीबजारसम्बन्धी' बैठकमा पनि यही विवरण पेस गरेका थिए।

बोर्डका अनुसार संगठित संस्थाहरूले संकलन गरेको कुल पुँजीमध्ये साधारण सेयरको हिस्सा ४६.२६ प्रतिशत छ। त्यस्तै संस्थागत ऋणपत्रको हिस्सा ३१.०३ प्रतिशत, सामूहिक लगानी कोषको १४.८१ प्रतिशत, विशिष्टीकृत लगानी कोषको ५.१७ प्रतिशत र अग्राधिकार सेयरको हिस्सा २.१७ प्रतिशत छ। हालसम्म २० वटा विशिष्टीकृत लगानी कोषलाई ४८ अर्ब २५ करोड रुपैयाँबराबरको पुँजी परिचालनका लागि स्वीकृति दिइएको बोर्डले जनाएको छ। आव २०८२/८३ मा सेयर बजारबाट मात्र सरकारले १५ अर्ब ६१ करोड रुपैयाँ राजस्व संकलन गरेको थियो।

सेयरबजारमा आकर्षित भई डि-म्याट खाता खोल्नेमा उमेरगत तथ्यांक हेर्दा १९ देखि ३० वर्ष उमेर समूहको संख्या ३०.१२ प्रतिशत, ४१ देखि ६० वर्ष उमेर समूहको संख्या २५.८७ प्रतिशत र ३१ देखि ४० वर्ष उमेर समूहको संख्या २३.२४ प्रतिशत छ। त्यस्तै १८ वर्ष उमेरसम्मका लगानीकर्ताको हिस्सा १२.३१ प्रतिशत, ६१ देखि ७० वर्ष उमेर समूहको हिस्सा ५.३८ प्रतिशत र ७१ वर्ष उमेरमाथिको हिस्सा ३.०४ प्रतिशत छ।

बागमतीमा खाता खोल्ने धेरै

प्रदेशगत रूपमा डि-म्याट खाता खोल्नेको संख्या सबैभन्दा धेरै बागमती प्रदेशमा ३३.८५ प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ३.०४ प्रतिशत छ।

त्यस्तै कोसीमा १८.९४ प्रतिशत, मधेसमा १२.८१ प्रतिशत, गण्डकीमा १२.३४ प्रतिशत, लुम्बिनीमा १२.२० प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ६.७४ प्रतिशत छ।

रामारोशनको किनिमिनी मैदानमा क्रिकेट प्रतियोगिता हुँदै

युग संवाददाता
अछाम, ५ कात्तिक ।

सुदूरपश्चिम प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा परिचित अछामको रामारोशन क्षेत्रमा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्य लिएर ऐतिहाँसिक क्रिकेट प्रतियोगिता आयोजना हुने भएको छ।

नेपालीको महान् चाड शुभ दीपावली तथा छठ पर्वको पावन अवसर पार्दै रामारोशन गाउँपालिका-५ स्थित किनिमिनी पाटनमा 'रामारोशन प्रिमियर लिग (सिजन-२)' खुला क्रिकेट प्रतियोगिता सञ्चालन हुन लागेको हो।

रामारोशन एड्भेन्चर एन्ड इको स्पोर्ट क्लबको आयोजनामा हुन लागेको यो प्रतियोगिता यही कात्तिक १३ गतेदेखि सुरु हुने आयोजक क्लबका अध्यक्ष लक्ष्मण बोहराले जानकारी दिए। रामारोशनको प्राकृतिक सुन्दरता र शान्त वातावरणलाई खेलकुदका माध्यमबाट देश-विदेशमा चिनाउन यो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने उनले बताए।

यस प्रतियोगितालाई अछामको इतिहासमै सबैभन्दा ठूलो धनराशिको क्रिकेट प्रतियोगिताका रूपमा अघि सारिएको छ।

प्रथम हुने टोलीलाई मेडल प्रमाणपत्रसहित दुई लाख र दोस्रो हुने टोलीलाई मेडल प्रमाणपत्रसहित एक लाख प्रदान गर्ने आयोजकले जनाएको छ। आयोजकका अनुसार प्रतियोगितामा सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्ला तथा देशभरिका क्रिकेट क्लबहरूले सहभागिता जनाउने छन्।

हिमालका सुन्दर ताल, विशाल पाटन र मनोरम दृश्यहरूबीच हुने यस प्रतिस्पर्धाले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई पनि आकर्षित गर्ने विश्वास स्थानीयवासी र सरोकारवालाहरूले लिएका छन्।

खेलकुदको उद्घाटनको दिन स्थानीय कला संस्कृति पञ्चेबाजा, देउडा, हुड्क्यौली, भुवो पनि प्रदर्शन हुने र जसले गर्दा पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने विश्वास लिइएको छ। खेलकुद हुन लागेको किनिमिनी मैदान रामारोशन क्षेत्रकै सबैभन्दा ठूलो घाँसेमैदान हो।

खेलकुद प्रतियोगिता आयोजनाका लागि क्लबले रामारोशन गाउँपालिका, रामारोशन पर्यटन विकास समितिलगायत विभिन्न स्थानीय तह र सहयोगीदाताबाट आर्थिक रकम सङ्कलन भइरहेको क्लबले जनाएको छ।

रामारोशन क्षेत्र पछिल्लो समय पेसा-व्यवसायमा व्यस्त भई चाडपर्वको समयमा गाउँ आएका व्यक्तिहरूका लागि पर्यटकीय गन्तव्य बनेको छ। त्यस्तै, रामारोशनमा पारिवारिक भ्रमण, संस्थागत भ्रमणमा आउनेहरूको पहिलो रोजाइको गन्तव्य रामारोशन हो। अहिले दैनिक जसो सयौंको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू रामारोशन घुम्न आउने गरेका छन्।

ठाउँ सुन्दर ,रमणिय र मनमोहक भएता पनि पर्याप्त पूर्वाधार बन्न नसकेको र पर्यटन क्षेत्रमा आउने जयगढ-रामारोशन सडक खण्ड निर्माण नहुँदा निकै सास्ती खेप्नु परेको पर्यटकहरूले गुनासो गर्ने गरेका रामारोशन पर्यटन विकास समितिका कार्यकारी अधिकृत पूर्णबहादुर विकले बताए।

रामारोशनलाई पहिलो गन्तव्य बनाएर धेरै जसो पर्यटकहरू पोखरा, चितवन, काठमाडौँ र कर्णाली तथा सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाबाट पर्यटकहरू घुम्न आउने गरेका विकको भनाई छ।

'बाह्र बण्ड अठार खण्ड' का नामले प्रसिद्ध रामारोशनमा १२ ठूल्ठूला तालहरू र १८ वटा ठूला घाँसेमैदान रामारोशनका आकर्षण हुन्। रामारोशन धार्मिक र पर्यटकीय रूपमा निकै महत्वपूर्ण क्षेत्र मानिन्छ।

धार्मिक रूपमा रामारोशन क्षेत्रमा विभिन्न देवीदेवताहरूको बास भएको र प्राचीन कालमा शिवपार्वतीले रामारोशनमा तपस्या गरेको किंवदन्ती रहेको छ। त्यसैले रामारोशनलाई देव, पुण्यभूमि पनि भनिन्छ।

शिक्षकले छोराछोरी सामुदायिक विद्यालयमै पढाउँदा...

युग संवाददाता
दाङ, ५ कात्तिक ।

दङ्गीशरण गाउँपालिका-६ स्थित जनता माध्यमिक विद्यालय बुटनिया विगत ६ वर्षअघिसम्म भौतिक पूर्वाधारका हिसाबले कमजोर र विद्यार्थी सङ्ख्याका हिसाबले अत्यन्त न्यून थियो। तर, २०७६ सालमा कक्षा ६ देखि अध्ययन अध्यापन सुरु गरेको यस विद्यालयले त्यसयता शैक्षिक क्षेत्रमा सुधार गर्दै हरेक परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल भएको छ।

हालसम्म यस विद्यालयबाट एसइईका चार वटा 'ब्याच'का विद्यार्थीहरूले परीक्षा दिइसकेका छन्। परीक्षाको समग्र नतिजालाई हेर्दा एसइईका साथै कक्षा ८ को परीक्षामा पनि पश्चिम दाङकै सामुदायिक विद्यालयहरूमध्ये उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको विद्यालयका प्रधानाध्यापक क्रिमलाल थारूले बताए। उनका अनुसार गत वर्षको एसइई परीक्षामा विद्यालयका ६ जना विद्यार्थीले 'ए प्लस' ल्याएका थिए भने ८१ प्रतिशत विद्यार्थीहरू उत्तीर्ण गराउन सफल भएको थियो।

शिक्षक तथा कर्मचारीहरू विद्यालयप्रति पूर्ण रूपमा जिम्मेवार भएमा सफल भइन्छ भन्ने उदाहरण दिन सफल भएको प्रअ थारूको भनाइ छ। २०७६ सालदेखि नै विद्यालयमा कार्यरत सबै शिक्षक, कर्मचारीका छोराछोरीहरूलाई अनिवार्य रूपमा यही विद्यालयमा पढाउने निर्णय गरेर लागू गरिएको छ। त्यसले गर्दा पनि विद्यालयले यो नतिजा ल्याउन सफल भएको उनको भनाई छ।

"मेरै छोरीले दुई वर्षअघि यही विद्यालयबाट एसइई दिएकी हुन्", उनले भने, "अन्य सबै कर्मचारीका बालबालिकाहरू पनि यहीं अध्ययनरत हुनुहुन्छ।" विद्यार्थीहरूलाई गुणस्तरीय र आधुनिक शिक्षा प्रदान गर्न विद्यालयमा प्रविधिको प्रयोग गरिएको छ। विद्यालयमा विषयवस्तुअनुसार अध्यापन गराउन तीन वटा स्मार्ट बोर्डको प्रयोग भइरहेको छ। साथै विद्यार्थीहरूको व्यावहारिक सिकाइका लागि एउटा विज्ञान प्रयोगशाला र अध्ययनका लागि पुस्तकालयको व्यवस्था गरिएको छ। साथै विद्यालयको आफ्नै चमेना गृह पनि रहेको छ। जहाँबाट खाजा कार्यक्रम सञ्चालन भइरहेको छ।

शौचालयको समस्या

विद्यालयले केही भौतिक पूर्वाधार र जनशक्तिको भने समस्या खेप्नु परेको छ। विद्यार्थी सङ्ख्या बढ्दै जाँदा भवनहरूको अवस्था तथा शौचालयको भने चरम अभाव देखिएको छ। छात्राका लागि दुई वटा र छात्रका लागि एउटा मात्र शौचालय रहेको छ। जसले गर्दा विद्यार्थीहरूले शौचालय जाँदा लाइन लाग्नुपर्ने अवस्था रहेको छ।

शिक्षक तथा कर्मचारीहरूका लागि छुट्टै शौचालयको व्यवस्था छैन। हाल सोही विद्यालयमा दुई जना विद्यालय कर्मचारी र १५ जना शिक्षक कार्यरत रहका छन्। अहिले विद्यालयमा ४५० बढी विद्यार्थी अध्ययनरत छन्।

विक्रम संवत् २०५२ मा स्थापना भएको उक्त विद्यालयलाई २०७६ सालदेखि स्तरवृद्धिको पहल थालिएको थियो।

तत्कालीन गाउँपालिकाका शिक्षा समितिका संयोजक वीरबहादुर वलीका अनुसार एक करोड बजेट विनियोजन गरेर भवन निर्माण गरिएको थियो। त्यसपछि कक्षा थप गरेर अगाडि बढाइएको उनले बताए। उनका अनुसार जहाँ विद्यार्थी, त्यहाँ शिक्षक अभियान थालेर केही शिक्षकहरू पनि थप गरेपछि शिक्षामा सुधार आएको उनले बताए।

प्रधानमन्त्री राहत कोषमा १७ अर्ब ७५ करोड जम्मा

युग संवाददाता
काठमाडौँ, ५ कात्तिक ।

रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष र प्रधानमन्त्री राहत कोषमा आर्थिक सहयोग जुट्ने क्रम अझै जारी छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषको विभिन्न बैंकका खातामा आज बिहान ९:०० बजेसम्म मौज्दात रकम रु १८ अर्ब नौ करोड ३२ लाख ३६ हजार ८५२ पुगेको छ।

बर्दियामा...

यस अवधिमा छोराको तुलनामा छोरीको जन्मदर्ता दुई हजार ७१७ ले कम छ।राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कले पनि जन्मदेखि १४ वर्षसम्मको उमेर समूहमा पुरुषको संख्या महिलाभन्दा बढी रहेको देखाउँछ। यसले छोरीको जन्म, हुर्काइ र विकाससँग जोडिएका सामाजिक तथा लैङ्गिक सवालमा थप ध्यान दिनुपर्ने आवश्यकता देखाएको छ। छोरीको जन्मलाई प्रोत्साहन गर्न बर्दियाका तीन स्थानीय तहले आर्थिक सहयोगसहितका कार्यक्रम सञ्चालन गरिरहेका छन्। बढैयाताल गाउँपालिकाकी महिला तथा बालबालिका शाखा प्रमुख सुजिता चौधरीका अनुसार छोरीको जन्मलाई परिवार र समाजले सकारात्मक रूपमा स्वीकार गर्ने वातावरण बनाउन यस्ता कार्यक्रम महत्वपूर्ण छन्। आर्थिक सहयोगले छोरीको भविष्यप्रति परिवारको जिम्मेवारीबोध बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

बाँसगढी नगरपालिकाले 'एक छोरी, एक खाता' अभियानमार्फत छोरी जन्मिएपछि उनको नाममा बैंक खाता खोली पाँच हजार रुपैयाँ जम्मा गरिदिने गरेको छ। छोरीको नाममा बचत गर्ने यस कार्यक्रमले बालिकाको भविष्यका लागि सानै उमेरदेखि आर्थिक आधार तयार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यस्तै, गेरुवा गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ देखि 'छोरी बचाउ' कार्यक्रम सञ्चालन गर्दै आएको छ। बाँसगढी नगरपालिका र बढैयाताल गाउँपालिकाले भने आर्थिक वर्ष २०७९/८० देखि यस्ता कार्यक्रम सुरु गरेका हुन्। तीनवटै स्थानीय तहमा हालसम्म एक हजार ९०० भन्दा बढी छोरी यस कार्यक्रमका लाभग्राही बनेका छन्। गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बसबहादुर रानाका अनुसार छोरीको जन्मलाई सम्मान गर्ने र उनीहरूको भविष्य सुरक्षित बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। आर्थिक सहयोगले छोरीको शिक्षा, स्वास्थ्य र भविष्यप्रति अभिभावकको ध्यान आकर्षित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। छोरी बचाउ कार्यक्रमले छोरीको जन्मलाई प्रोत्साहन गर्नुका साथै बालिकाको महत्व बारे परिवार र समुदायमा सकारात्मक सन्देश प्रवाह गर्न सहयोग पुऱ्याउन सक्छ। तर आर्थिक सहायता प्रदान गर्नु मात्रै छोरीप्रतिको विभेद अन्त्य गर्ने पर्याप्त उपाय भने होइन। छोरीलाई परिवारको बोझ ठान्ने सोच, छोरालाई वंश धान्ने आधार मान्ने परम्परागत मान्यता र लैङ्गिक असमानतामा आधारित व्यवहार परिवर्तन गर्न पनि उत्तिकै आवश्यक छ।

गर्भमै लिङ्ग पहिचान गरी छोरी भएकै कारण गर्भपतन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्न कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन, स्वास्थ्यकर्मीको जिम्मेवार भूमिका, समुदायस्तरमा जनचेतना र अभिभावकको सकारात्मक सोच महत्वपूर्ण हुन्छ। साथै, छोरीलाई शिक्षा, स्वास्थ्य, पोषण, सुरक्षा र समान अवसर उपलब्ध गराउन परिवार, विद्यालय, स्वास्थ्य संस्था र स्थानीय सरकारबीच समन्वय आवश्यक छ। बर्दियामा छोरीको जन्मदरसम्बन्धी तथ्याङ्कले आर्थिक प्रोत्साहनका कार्यक्रमसँगै सामाजिक जागरणलाई पनि प्राथमिकता दिनुपर्ने स्पष्ट सन्देश दिएको छ। छोरी जन्मिएपछि रकम उपलब्ध गराउने कार्यक्रम तत्कालका लागि प्रोत्साहनको माध्यम बन्न सक्छन्, तर दीर्घकालीन परिवर्तनका लागि छोरी र छोरालाई समान अवसर र सम्मान दिने संस्कार विकास गर्नुपर्छ। छोरीको जन्मलाई उत्सवका रूपमा स्वीकार गर्ने, उनीहरूको अधिकार सुनिश्चित गर्ने र समान अवसर प्रदान गर्ने वातावरण निर्माण गर्न सके मात्रै छोरी बचाउ अभियानको उद्देश्य पूरा हुन सक्छ। छोरीको जन्मलाई निरुत्साहित गर्ने सोच बदल्दै हरेक बालिकाले सम्मानपूर्वक बाँच्न, पढ्न र आफ्नो भविष्य निर्माण गर्न पाउने अवस्था सिर्जना गर्नु आजको आवश्यकता हो।

जडीबुटी उद्यान अवलोकन गर्न तनहुँको झाङ्गाझोली

युग संवाददाता
तनहुँ, ८ कात्तिक ।

शान्त वातावरण, परिवारको साथ अनि रमाइलो वातावरण, यी सबै एकै ठाउँमा खोज्दै हुनुहुन्छ ? त्यसो हो भने तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित झाङ्गाझोली तपाईंको घुमफिरको सूचीमा पर्न सक्छ।

प्राकृतिक सौन्दर्य, बाल उद्यान, जडीबुटीको अवलोकन, स्वादिला परिकार र आरामदायी बसाइको सुविधाले झाङ्गाझोली पारिवारिक घुमफिरको आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ।

बालबालिकालाई खेलाउने, प्रकृतिसँग रमाउने र परिवारका सदस्यसँग अविस्मरणीय समय बिताउने चाहना राख्नेहरूका लागि झाङ्गाझोली उपयुक्त विकल्प बन्न सक्छ। पृथ्वीराजमार्गको खैरेनीटार बजारबाट तीनखोलेदेवी मन्दिर जाने बाटोतर्फ साढे किलोमिटर अगाडि पुगेपछि यहाँ पुग्न सकिन्छ। कालोपत्रे सडक र पार्किङ सुविधाका कारण निजी सवारीसाधनमा परिवारसहित यात्रा गर्न सहज छ।

घुमफिरसँगै ज्ञान र मनोरञ्जन

झाङ्गाझोलीको मुख्य आकर्षणमध्ये 'गौरादेवी प्राकृतिक जडीबुटी उद्यान' एक हो। करिब पाँच रोपनी क्षेत्रफलमा फैलिएको उद्यानमा दुई सयभन्दा बढी प्रजातिका जडीबुटीका बिरुवा रोपिएका छन्। रुद्राक्ष, तेजपात, श्रीखण्ड, अश्वगन्धा, तुलसी, नीम, टिमुर, कुरिलोलगायत वनस्पतिको अवलोकन गर्न सकिन्छ।

बिरुवाको नाम र विवरणसहितका नेमप्लेट राखिएकाले बालबालिकाले घुम्दै नयाँ कुरा सिक्न सक्छन्। जनावरका आकर्षक मूर्ति, ५० भन्दा बढी प्रजातिका फलफूलका बिरुवा, बाल उद्यान र हरियालीले यहाँको आकर्षण थपेका छन्। खोलाको आसपासको शान्त वातावरणमा परिवारसँग बसेर समय बिताउन र तस्बिर खिच्न पनि सकिन्छ। स्थानीय परिकारदेखि पारिवारिक जमघटसम्म

घुमफिरसँगै स्वादिलो खानाको आनन्द लिन चाहनेहरूका लागि यहाँ लोकल कुखुरा र कालिजका परिकार उपलब्ध छन्।

परिवार तथा आफन्तसँग बसेर खानपिन गर्ने, कुराकानी गर्ने र खुसी साट्ने वातावरणले यहाँको बसाइलाई थप रमाइलो बनाउन सक्ने सञ्चालक उज्वल पौडेलले बताउनुभयो। जन्मदिन, वैवाहिक वर्षगाँठ तथा अन्य पारिवारिक कार्यक्रमका लागि क्याम्प फायर र कार्यक्रम हलको सुविधा पनि उपलब्ध छ। एकै दिन घुमेर फर्किन वा रात बिताउन चाहनेका लागि वातानुकुलित कोठासमेत छन्। कोठाको शुल्क प्रतिरात दुई हजारदेखि तीन हजार पाँच सय रुपैयाँसम्म रहेको छ।

'परिवारसँग रमाउन झाङ्गाझोली उपयुक्त गन्तव्य'

झाङ्गाझोली एग्रो टुरिजम प्रालिका सञ्चालक पौडेलका अनुसार परिवारसहित घुम्न आउनेहरूका लागि झाङ्गाझोलीमा मनोरञ्जन, प्राकृतिक वातावरण र खानपिनको सुविधा एकै ठाउँमा उपलब्ध छ।

उनी भन्छन्, "परिवारका सबै सदस्यसँग समय बिताउने, बालबालिकालाई रमाइलो गराउने र प्रकृतिको आनन्द लिने चाहना सबैको हुन्छ। झाङ्गाझोलीमा बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मले आ-आफ्नै तरिकाले रमाउन सक्ने वातावरण छ। टाढा जान नभ्याउनेहरूका लागि पनि परिवारसँग एक दिन बिताउन वा रात बसेर रमाइलो गर्न यो राम्रो गन्तव्य बन्न सक्छ।" उद्यानका सञ्चालक बासुराज दाहालका अनुसार बिदाका दिन यहाँ पाँच सयभन्दा बढी र अन्य दिनमा करिब दुई सय आन्तरिक पर्यटक आउने गरेका छन्। करिब रु एक करोड ५० लाखको लागतमा निर्माण गरिएको जडीबुटी उद्यान तथा अन्य भौतिक संरचनाले क्षेत्रको आकर्षण बढाएको छ। सिन्धुलीको सुनकोशी गाउँपालिका-३, झाँगाझोली निवासी ८९ वर्षीया गौरादेवी दाहालको नाममा स्थापना गरिएको उद्यानलाई जडीबुटी तथा वनस्पति संरक्षणसँगै शैक्षिक अध्ययन र अनुसन्धानको केन्द्रका रूपमा विकास गर्ने लक्ष्य राखिएको छ।

कर्णालीवासीको दशैँ : 'टाढिएका आफन्तसँग भेट्नुको मज्जा अर्कै हुँदोरहेछ'

युग संवाददाता
सुर्खेत, ५ कात्तिक ।

यस पटकको दसैँमा कर्णालीवासीले आनन्दको अनुभूति गरेका छन्। देश-विदेशबाट दसैँ मनाउन घर फर्केका उनीहरूको यात्रा कष्टकर त बन्यो, यद्यपि गन्तव्य पुग्दासम्म कुनै पीडादायक घटना व्यहोर्न परेन।

मौसम अनुकूल नै बन्यो। प्राकृतिक तथा मानवीय विपत्तिको सामना गर्नुपर्ने अवस्था आएन।

दशैँ तथा तिहारका लागि घर फर्केका यात्रुहरूका लागि कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले निर्माण गरेको 'चाडपर्व लक्षित सुरक्षा योजना २०८३' को प्रभावकारी कार्यान्वयन गऱ्यो। सो योजना असोज २५ देखि कात्तिक ३० गतेसम्मको अवधिमा लागू गर्ने गरी कार्यान्वयनमा ल्याइएको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक जयराज सापकोटाले जानकारी दिए।

सुरक्षा चुनौती र सम्भावित जोखिमलाई दृष्टिगत गर्दै आम नागरिकको जनजीवनलाई सुरक्षित तथा भयमुक्त तुल्याउने उद्देश्यले निर्मित 'चाडपर्व लक्षित सुरक्षा योजना २०८३' प्रदेश प्रहरी मातहतका दशवटै जिल्लाहरूमा कार्यान्वयन आएको प्रहरी नायब महानिरीक्षक सापकोटाले बताए। उनका अनुसार कर्णाली प्रदेशका सबै जिल्लाको सुरक्षा व्यवस्थालाई भरपर्दो, विश्वसनीय तथा सुदृढ बनाउन पाँच हजार ३१४ प्रहरी परिचालन गरिएको छ।

सीमित जनशक्ति र स्रोतसाधनका बाबजुद नेपाल प्रहरी अहोरात्र खटिएको बताउँदै उहाँले जुवातास र सामान्य सवारी दुर्घटना जस्ता छिटपुट घटना घटे पनि जनधनको ठूलो क्षति हुने खालका कुनै दुर्घटना नभएको जनाए।

सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयन र प्रहरी परिचालनको उचित व्यवस्थापनले अप्रिय घटना हुन नसकेको प्रहरी नायब महानिरीक्षक सापकोटाको भनाई छ। तिला गाउँपालिका-५ जुम्लाका रणबहादुर रावतले दसैँ पर्व सुरक्षितसँग मनाइएको बताए।


उनले भने, "विगतभन्दा यस वर्षको कर्णालीवासीको दसैँ शान्त र सुरक्षित बन्यो। कहींकतै छिटपुट घटना घटे पनि त्यस्ता दुःखद र डरलाग्दा घटनाहरू सुन्नु परेन। अकल्पनीय र अत्यास लाग्दा दुर्घटना भोग्न परेन। बरु १० वर्षसम्म पनि भेट हुन नसकेका आफन्तहरूसँग यो वर्ष मिलन हुने अवसर जुट्यो।

घरायसी सामानहरूका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८

हामी कहाँ मिक्सर, ग्याँस चुल्हो, राइसकुकर, कराही, कोल बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मूल्यमा पाईन्छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)

Book & Copy Printing
Packaging Box Printing
Wedding Card Printing
Stamp
Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।